# बर्षातको बेला कटारीमा बढी भार भएका सवारी सञ्चालनमा रोक

**रौतामाई संवाददाता**

**गाईघाट, १५ असार**

जिल्ला सुरक्षा समिति र कटारी नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिबीच सोमबार समन्वय बैठक बसी विभिन्न महत्वपूर्ण निर्णयहरु गरेको छ । नगरप्रमुख राजेश चन्द्र श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले बढी भार भएका सवारी साधनहरूको सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेलसहित सुरक्षा समितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

बैठकले मनसुन अवधिमा भारी वर्षाका कारण उत्पन्न हुन सक्ने बाढी, पहिरो, डुबानजस्ता जोखिमलाई मध्यनजर गर्दै विभिन्न निर्णयहरु गरेको छ । संभावित जोखिम क्षेत्र, नदी, खोला, नाला र पानीको बहाव उच्च हुने राष्ट्रिय राजमार्ग तथा स्थानीय सडकहरूको सञ्चालनमा मौसम पूर्वानुमान र परिस्थितिको विश्लेषण गरी सार्वजनिक र निजी सवारी साधनको सञ्चालनमा आवश्यकता अनुसार रोक लगाउन स्थानीय सुरक्षा निकायलाई निर्देशन दिन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरिएको छ। यसैगरी, सडक र राजमार्गमा बाढी, पहिरो वा डुबानका कारण अवरोध उत्पन्न हुन सक्ने सम्भावनालाई ध्यानमा राखी तत्काल सडक सञ्चालन गर्न आवश्यक हेभी इक्युपमेन्ट २४सै घण्टा तयारी अवस्थामा राख्न सडक विभागलाई अनुरोध गरिएको छ। साथै, तत्काल उद्धार र राहतका लागि आवश्यक न्यूनतम सामग्रीहरु तयारी अवस्थामा राख्ने र सडक अवरूद्ध भएर सवारी साधन सञ्चालन हुन नसक्ने अवस्थामा खाद्यान्न अभाव नहुने गरी व्यवस्था मिलाउने निर्णय भएको नगरप्रमुख राजेशचन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

विगतमा मनसुन अवधिमा सडक र राजमार्गका पूलहरु क्षति हुने र सडक अवरूद्ध हुने समस्यालाई मध्यनजर गर्दै, पूलको भारवहन क्षमता भन्दा बढी भारका सवारी साधनहरूको सञ्चालनमा कडाइ गर्न स्थानीय सुरक्षा निकायलाई अनुरोध गरिएको छ। तोकिएको क्षमता भन्दा बढी भार भएका सवारी साधनहरूको सञ्चालनमा रोक लगाउन प्रारम्भिक बिन्दुमा नै कडाइ गर्ने निर्णय भएको छ।

यसबाहेक, मनसुन अवधिभर विपद् व्यवस्थापन समितिले सवारी सञ्चालनसम्बन्धी गरेका निर्णयहरूको पालना गर्न सार्वजनिक सवारी साधन सञ्चालक, यातायात व्यवसायी, ढुवानी/पारवहन सम्बन्धी संघ र निजी सवारी साधनहरूलाई अनुरोध गरिएको छ। यदि कसैले यी निर्णयहरूको पालना नगरेमा, अटेरी गरेमा वा बलजफ्ती सवारी सञ्चालन गरेमा प्रचलित कानूनबमोजिम कारबाही गर्न सम्बन्धित सुरक्षा निकायलाई निर्देशन दिन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरिएको छ।

यो बैठकले मनसुनजन्य विपद्को जोखिम न्यूनीकरण र प्रभावकारी व्यवस्थापनका लागि महत्वपूर्ण कदम चालेको स्थानीयले बताएका छन्।

## एसईई..

छन् ।

प्रिन्सिपल बाबुराम आचार्यका अनुसार विद्यालयको चुस्त व्यवस्थापन, शैक्षिक गुणस्तर, शिक्षक-विद्यार्थी-अभिभावकबीचको समन्वय, खेलकुद, भौतिक पूर्वाधार, शान्त वातावरण, कम्प्युटर ल्याब र नियमित उपस्थितिले यो उत्कृष्ट नतिजा सम्भव भएको हो।


प्याराडाइज सेकेन्डरी स्कूलले पछिल्लो तीन वर्षदेखि जिल्लामा सर्वोत्कृष्ट नतिजा कायम राख्दै ह्याट्रिक गरेको छ। वि.सं. २०७९ मा २४ जना र २०८० मा २२ जना विद्यार्थीले ए प्लस प्राप्त गरेका थिए।

वि.सं. २०६० मा स्थापित यो विद्यालयले २०७६ देखि कक्षा ११ र १२ मा व्यवस्थापन संकायमा पठनपाठन सञ्चालन गर्दै आएको छ। कक्षा ११ मा भर्ना हुन चाहने विद्यार्थीका लागि आगामी असार २१ गते शनिबार पहिलो प्रवेश परीक्षा आयोजना हुने विद्यालय प्रशासनले जनाएको छ।

## कटारीमा..

प्रशासन कार्यालय कटारी प्रमुख कोपिला राई, नगर प्रमुख प्रशासकीय अधिकृत राजन थापा, इलाका प्रहरी कार्यालय कटारीका प्रमुख प्रहरी नायब उपरीक्षक कमल बजगाईं, विपद् व्यवस्थापन समिति संयोजक तथा नगरकार्यपालिकाका सदस्य बेगबहादुर आले मगर, विभिन्न राजनीतिक दलका प्रतिनिधि र सरोकारवाला निकायको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै नगर प्रमुख श्रेष्ठले विपद्को सामना गर्न पूर्वतयारी आवश्यक रहेको भन्दै यस्तो तालिमले स्थानीय निकाय, सुरक्षा निकाय र समुदायबीच सहकार्य सुदृढ बनाउने बताए। प्रमुख जिल्ला अधिकारी लुइँटेलले विपद् व्यवस्थापनमा समन्वय र तत्परताको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताउँदै अभ्यास र तयारीलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।


प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय**
उदयपुर, कोशी प्रदेश

फोन: ०३५-४२२८९८, ४२२१८८
E-mail dhoudayapur@gmail.com

मिति:- २०८२।०३।१३

**सूचना ।  सूचना ॥  सूचना ॥।**

**कोभिड १९ विरुद्धको खोप अभियान सञ्चालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड १९ को फैलावट तीव्र रुपले वृद्दि भएसंगै कोभिड १९ विरुद्धको **फायजर** खोप **१२ बर्ष उमेर माथिका सम्पूर्ण वर्गलाई** उदयपुर जिल्ला भर सञ्चालन गर्ने गरी तोकिएको बिद्यालयहरु र अन्तिम दिन स्वास्थ्य संस्थामा खोप केन्द्र राखी तपसिल बमोजिमको मिति र स्थानमा सञ्चालन हुने ब्यहोरा मिति **२०८२।०३।१३** को कोभिड १९ खोप समन्वय तथा अनुगमन समितिको निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. बेलका न.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्य संस्था २०८२ असार १७ गते देखी २० गते
२.चौदण्डीगढी न.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्य संस्था २०८२ असार १७ गते देखी २० गते
३. त्रियुगा न.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्य संस्था २०८२ असार १७ गते देखी २० गते
४ रौतामाई गा.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्यसंस्था २०८२ असार १७ गते देखी २० गते
५.लिम्चुङबुङ गा.पा. न.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्य संस्था २०८२ असार १६ गते देखी १९ गते
६.जिल्ला अस्पताल उदयपुर ( MCH CLINIC ) मा आईतवार,बुधवार र सार्वजनिक विदाको दिनवाहेका सवै दिन । **अभियानमा**
७.कटारी न.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्य संस्था २०८२ असार १९ गते देखी २३ गते ( सनिवार सञ्चालन नहुने )
८.उदयपुरगढी गा.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्य संस्था २०८२ असार १९ गते देखी २३ गते ( सनिवार सञ्चालन नहुने )
९. ताप्ली गा.पा.अन्तरगतका विध्यालयहरु र स्वास्थ्य संस्था २०८२ असार १९ गते देखी २३ गते ( सनिवार सञ्चालन नहुने )

**नोट :** यस अभियानमा हालसम्म खोप नलगाएका वा अन्तिम पटक खोप लगाएको १२ महिना पुरा गरेका १२ वर्ष माथिका सवै नागरीकलाई खोप लगाईने छ । गर्भवती महिला,सुत्केरी महिला,दिर्घरोगी, ५५ वर्ष माथिका नागरीकलाई विशेष प्राथमिकतामा राखी खोप सञ्चालन गरीने छ ।

राम नरेश ठाकुर
स्वास्थ्य कार्यालय प्रमुख

## कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

### आन्तरिक आय सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना।

प्रथम पटक प्रकाशित मिति २०८२/०३/१७

स्थानीय सरकार सञ्चालन ऐन २०७४, दफा ६१ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र आ.व. २०८२/०८३ का लागि जडीवुटी, कवाडी र जीवजन्तु निकासी कर कटारी नगरपालिकाको आर्थिक ऐन, २०८२ मा उल्लेखित दरका आधारमा कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको स्वःघोषण पत्रको प्रतिलिपिहरु सहित रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।यो सूचना यस कार्यालयको www.kataarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम कवोल अंक (कर बाहेक) | न्यूनतम कवोल अंक (कर सहित) | दरभाउपत्र फारम खरिद रकम |
|---|---|---|---|---|---|
| १. | ११/२०८१/०८२ | जडीबुटी, कवाडी र जीवजन्तु निकासी कर | ८,००,०००।- | ९,०४,०००।- | १०००।- |

**दरभाउपत्र सम्बन्धी शर्तहरु :**

१. दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम रु १०००।– नगद राजश्व शाखामा दाखिला गरी यस कार्यालयबाट खरिद गर्न सकिने छ र दरभाउपत्र बुझाउँदा यस कार्यालयबाट खरिद भएका दरभाउपत्र १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र ( BID BOND ) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरी दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ । नगदलाई मान्यता दिईने छैन ।

३. जडीबुटी, कवाडी र जीवजन्तु करको ठेक्का अवधि २०८२ श्रावण १ गते देखि २०८३ आषाढ मसान्त सम्म हुनेछ ।


४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल अंकको ५० प्रतिशत रकम रा.वा. बैंक कटारी शाखाको आन्तरिक राजश्व शाखा खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेपछि मात्र सम्झौता गरी नियमअनुसार चलान पुर्जी दिईनेछ । साथै बाँकी ५० प्रतिशत मध्ये ३० प्रतिशतले हुन आउने दोश्रो किस्ता वापतको रकम २०८२ साल पुष मसान्त भित्र तथा २० प्रतिशतले हुन आउने तेश्रो किस्ता वापतको रकम २०८२ साल चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ ।साथै २०८३ असार मसान्तसम्म मान्य हुनेगरी बाँकी ५० प्रतिशत किस्ता रकम बराबरको बैंक जमानी पत्र (BANK BID BOND) अनिवार्य पेश गरेपछि कार्यादेश दिईनेछ । व्यवसायीले ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

५. करका दरहरु कटारी नगरपालिकाको आर्थिक ऐन, २०८२ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ । असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

७. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रो. सतिश सोनी  सम्पर्क : ०३५४२१५०१/९८४२८२७१४७
जय नेपाल ज्वेलर्स
त्रि.न.पा.-११, गाईघाट

हामीकहाँ आधुनिक डिजाईनका विना रसायन र परम्परागत सुन चाँदीका गरगहना ग्यारेण्टीका साथ बनाउनुका साथै सुपथ तथा उचित मुल्यमा खरिद तथा विक्री गरिन्छ ।

प्रो. वैद्य अनिल कटुवाल  मो: ९८१७१५०१४५,९८५२८३५१५०
समाट आयुर्वेद क्लिनिक
त्रियुगा नपा - ११, गाईघाट
हाम्रा सेवाहरु
पुरानो भन्दा पुरानो:- पाईल्स, फिस्टुला, फिसर, हर्षा, बाथ रोग, ग्यास्टिक, दम, पिनास, जन्डिस, निमोनिया र धातु रोगहरुको सफल उपचार गरिन्छ ।
यहाँ:- हरेक दिन डाक्टरहरु द्वारा बिरामी जाँच गरिन्छ ।

स्कुल तथा कलेजको ड्रेस सिलाईमा विशेष छुटको व्यवस्था छ।
प्रो. कलाम राईन  टप फेशन  9808866122 9741896325
लेडिज एण्ड जेन्स
सटिङ्ग सुटिङ्ग टेलर्स

त्रि.न.पा-११, सिद्धार्थ बैंकको मुनी
हामीकहाँ सर्ट पेन्ट, मेट्रीयल, दौरा सुरुवाल, कोट पाईन्ट, स्कुल कलेजको ड्रेसहरू, जवार कोट, लेहेंगा, अम्रेला, ब्लाउज, मेडी, चोली लगायतका सम्पुर्ण डिजाईनका भरपर्दो गुणस्तरीय सिलाई गरिन्छ ।
साथै सटिङ सुटिङको लागी थानको कपडा पनि पाईन्छ ।
